# दक्षिणकाली नगरपालिका
## नगरकार्यपालिकाको कार्यालय
फर्पिङ, काठमाडौं
बागमती प्रदेश, नेपाल


### उत्पादनमा आधारित दुधमा प्रोत्साहान कार्यक्रम संचालनका लागि प्रस्ताव आह्वानको सूचना

सूचना प्रकाशन मितिः २०८२/०१/१४

दक्षिणकाली नगरपालिकाको आ.व. ०८१/०८२ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार कृषि तथा पशुपन्छी विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१ बमोजिम देहायका कार्यक्रमहरु संचालन गर्न ईच्छुक दर्तावाल कृषि/बहुउद्देश्यीय सहकारी (दुग्ध संकलन गर्ने)/निजि क्षेत्र (दुग्ध डेरि)ले यो सूचना प्रकाशित भएको मितिले २१ दिन (अर्थात मिति २०८२/०२/०४) गते कार्यालय समयभित्र प्रस्ताव दर्ता गर्नहुन आह्वान गरिन्छ। साथै रीत नपुगी वा म्याद नाघी प्राप्त प्रस्तावहरु छनौटमा समावेश नगरिने व्यहोरा समेत जानकारी गराईन्छ ।

| क सं | कार्यक्रमको नाम | अनुदान रकम रु. | कार्यक्रम लागु हुने क्षेत्र | लक्षित/वर्ग समुदाय |
|---|---|---|---|---|
| १ | उत्पादनमा आधारित दुधमा प्रोत्साहान कार्यक्रम | ७१६००० | दक्षिणकाली नगरपालिका भित्र | दर्तावाल कृषि/बहुउद्देश्यीय सहकारि (दुग्ध संकलन गर्ने)/निजि क्षेत्र (दुग्ध डेरि) |

<u>निवेदन साथ पेश गर्नुपर्ने कागजातहरुः</u>

१. सम्बन्धित व्यक्तिको नेपाली नागरिकताको प्रतिलिपि,
२. कृषक समूह/सहकारि/निजि उद्यमी दर्ता र PAN दर्ता प्रमाण पत्रको प्रतिलिपि,
३. गत आ.व. को लेखा परिक्षण प्रतिवेदन र कर चुक्ता प्रमाणत्रको प्रतिलिपि,
४. कृषक समूह/सहकारि संस्थाको हकमा गत आ.व को साधारण सभाको बैठक निर्णय प्रतिलिपि,
५. जग्गाको स्वामित्व देखिने प्रमाण वा जग्गा भाडामा लिएको भए कम्तिमा ५ वर्षको करारनामा सम्झौता पत्र,
६. कार्यक्रममा सहभागी हुन सम्बन्धीत वडा कार्यलयको सिफारिस पत्र,
७. अनुसूची-४ बमोजिमको कार्य-योजना,
८. अनुसूची-५ बमोजिमको स्वः घोषणा पत्र,
९. अनुसूची 6-बमोजिमको कार्यक्रम सञ्चालन हुने स्थान खुल्ने नक्सा,
१०. कार्यक्रममा सहभागी हुने सम्भावित कृषक समूह /सहकारी संस्थाले प्रोत्साहन रकम माग गर्दा अनिवार्य रुपमा कृषक छनौट गरिएको निर्णयको प्रतिलिपि

२०८२/१/१४
गिरीराज खनाल
शाखा अधिकृत

Email : info@dakshinkalimun.gov.np, Website: www.dakshinkalimun.gov.np

# दक्षिणकाली नगरपालिका
## नगरकार्यपालिका‌को कार्यालय
फर्पिङ, काठमाडौं
बागमती प्रदेश, नेपाल


दक्षिणकाली नगरपालिका नगर कार्यपालिकाको कार्यालय फर्पिङ, काठमाडौं बागमती प्रदेश, नेपाल

## उत्पादनमा आधारित दुधमा प्रोत्साहान कार्यक्रमको मापदण्ड

(१) आवेदकले कम्तिमा ३०० दिन दुध सकलन गरि कारोवार गरेको हुनुपर्नेछ ।

(२) कम्तिमा १ वर्ष अगाडि आवेदकले फर्म/सहकारि कर कार्यालय तथा नगरपालिका मा दर्ता/नविकरण तथा कर चुक्ता गरेको हुनुपर्नेछ ।

(३) आवेदकले यस नगरपालिकाका कृषकहरु बाट दुधको गुणस्तर न्यूनतम मापण्डको दुध संकलन गरेको हुनु पर्ने छ ।

(४) कार्यालयले साझेदार संस्थालाई चालु आ.व (सूचना प्रकाशन मिति सम्म) को पेश गरेको रेकर्ड को आधारमा कृषकहरुलाई वितरण गर्नका लागि प्रति लिटर बढिमा रु. ५ (पाँच) उपलब्ध गराउन सक्नेछ ।

(५) साझेदार संस्थाले कृषकलाई कार्यालयबाट प्राप्त भए वमोजिमको रकम बैंक मार्फत भुक्तानि गरेको हुनुपर्नेछ ।

(६) साझेदार संस्थाले कृषकलाई वितरण गरेको भर्पाई वा भौचर कार्यालयमा पेश गर्नु पर्ने छ ।

(७) चालु आ.व /सूचना प्रकाशन मिति सम्मकोदुध संकलनको रेकर्ड कार्यालयले माग गरेको फर्मेटमा पेश गर्नुपर्नेछ

(८) आवेदक संस्थाले दैनिक कम्तिमा १०० (एक सय) वा मासिक ३००० लिटर दुध संकलन गरेको हुनु पर्दछ

(९) कम्तिमा १ वर्ष अघि आवेदकले यसपालिका भित्र दुध संकलन कार्य गरि सकेको हुनुपर्नेछ ।

(१०) साझेदार संस्थाले विगतका वर्षमा कुनै किसिमको कारवाहिमा नपरेको हुनुपर्नेछ ।

**नोटः** आवेदकहरुले निवेदन र संक्षिप्त कार्ययोजनाको ढाँचा र स्वःघोषणा यस नगरपालिका को कृषि/पशु सेवा शाखा बाट तथा सम्बन्धित वडा कार्यालयबाट प्राप्त गर्न सकिनेछ ।

**थप जानकारीका लागि कार्यलयमा तथा कृषि/पशु सेवा शाखा मा सम्पर्क गर्न सक्नुहुने छ ।**

२०८२/१/१४
गिरीराज खनाल
शाखा अधिकृत

Email : info@dakshinkalimun.gov.np, Website: www.dakshinkalimun.gov.np